# थानकोटको टाउको लुकाउने जात्रा

अच्युत सिग्देल [१]

**लेखसार**

*नेपालमा मूर्त अमूर्त सम्पदा प्रशस्त पाइन्छन् । ती सम्पदा देशका गहना हुन् । धर्म, संस्कृति, जात्रा, पर्व आदि सम्पदाहरू युगौंयुदेखि चलि आएको समाज, समुदायको ऐतिहासिक, कलात्मक, धार्मिक, सामाजिक र सांस्कृतिक विशेषता बोकेका सम्पत्ति हुन् । यसले धार्मिक सहिंष्णुता कायम राख्न, पहिचान र इतिहासलाई जीवनता दिन तथा परम्परा बचाइराख्न मद्दत गर्दछ । भिन्न स्थानको रीतिरिवाजले फरक मौलिकपन झल्काएको हुन्छ । विभिन्न स्थानमा मनाइने जात्रा, पर्व त्यस ठाउँको इतिहाससँग जोडिएको पाइन्छ, जुन प्रतिकात्मक हुन्छ । प्रतीकको माध्यमबाट मनाइने सामाजिक परम्पराले मानिसको सोच र भावनामा प्रभाव पारेको हुन्छ । प्रत्येक वर्ष जनै पूर्णिमाको भोलिपल्ट थानकोटमा मनाइने टाउको लुगाउने जात्रा घण्टासुर राक्षसको दुष्टताबाट मुक्ति पाएको र दैत्यमाथिको विजयको प्रतीकको रूपमा मनाउने गरिन्छ । प्रस्तुत लेखको प्रमुख उद्देश्य काठमाडौंको थानकोटमा टाउको लुकाउने जात्रा मनाउने विधि के हो ? भन्ने खोज गर्नु रहेकोले सो क्षेत्रको भ्रमण गरी अन्वेषण गरिएको छ । जात्रा, पर्व संस्कृतिसँग प्रत्यक्ष जोडिएका अमूर्त सम्पदा हुन् । अध्ययनले थानकोटमा मनाइने टाउको लुकाउने जात्रा सो क्षेत्रमा मनाइने भ्यागुतालाई भात खुवाउने पर्वसितको सम्बन्ध प्रस्तुत गरिएको छ । यस आलेखले जात्रा र पर्वको अन्तरसम्बन्धलाई उजागर गरेको छ । गुणात्मक अनुसन्धान विधिमा आधारित प्रस्तुत लेख तयार पार्न सम्पदाविद् हरूसित प्रत्यक्ष भेट गरी अन्तर्वार्ता लिइएको छ भने द्वितीयक स्रोतको उपयोग गरी लेख तयार पारिएको छ ।*

**शब्दकुञ्जी** : टाउको लुकाउने जात्रा, थानकोट, गुणात्मक अनुशन्धान

## परिचय

समाजसित प्रत्यक्ष सम्बन्ध भएका प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक सम्पत्ति सम्पदा हुन् । आँखाले देख्न सकिने वनजङ्गल, हिमाल, दरबार आदि मूर्त सम्पदा हुन् भने मनले अनुभूति गर्न सकिने चाडपर्व, जात्रा, प्राचीन नाच आदि अमूर्त सम्पदा हुन् । स्रोत र साधन मूर्त हुन्छन् । यसलाई बनाउने सोच र सीप अमूर्त हुन्छन् । मूर्त र अमूर्त सम्पदाको मिश्रण समाजको संस्कृति हो । ई.बि. टेलर (१८७१) ले समाजबाट आर्जन गर्ने ज्ञान, विश्वास, कला, कानुन, नैतिकता, प्रथा, सामर्थ्यता र व्यवहारको समग्रतालाई संस्कृति मानेका छन् । संयुक्त राष्ट्रसंघको महासन्धि, २०१० ले सामाजिक व्यवहार, चाडपर्व, उत्सव र परम्परागत कलाकौशलतालाई सांस्कृतिक सम्पदाको रूपमा परिभाषित गरेको छ ।

नेपाल विविध धर्म, जाती, भाषाको सांस्कृतिक थलो हो । परम्परागत मूल्य मान्यतामा टेकेर पूजा, पाठ, रीतिरिवाज, जात्रा, पर्व मनाउने गरिन्छ । धार्मिक आस्था र विश्वास सामाजिक गतिविधि र मनोरञ्जनसित जोडिएका हुन्छन् भने कुनै प्राकृतिक प्रकोप र रोगव्याधिबाट मुक्तिका लागि हुन्छन् । प्रकृति र प्रयोजनका निम्ति काठमाडौंको थानकोटमा मनाइने टाउको लुकाउने जात्रा विविध प्रकारका जात्रा पर्वहरु मध्ये एक हो । नगरबासीहरूलाई दुःख दिने घण्टासुर राक्षसलाई भगवान् नारायणले भ्यागुतोको रूप लिई मारेपछि खुशीयालीमा टाउको लुकाउने जात्रा मनाउने प्रचलन चलेको जनविश्वास रहेको छ । प्रत्येक वर्ष भदौ कृष्ण परेवाको दिन मनाइने यस जात्रालाई विजयोत्सवको प्रतीक मानिन्छ । आफ्नो पतिको मृत्युमा वियोग गरी नगर पसेकी पौसीलाई स्थानीयले समात्छन् । समातेर उनलाई डोरीले बाँध्छन् । हात चलाउन नमिल्ने गरी बाँधिसकेपछि अश्लील शब्द प्रयोग गरी गाली गर्दै सिस्नोपानीले पिट्छन् । यसरी पिट्दै पुरै नगर घुमाइसकेपछि राक्षसको टाउकोसँगै पौसीलाई पनि गाउँको पोखरीमा खसालिदिन्छन् । यसरी नागरिकलाई दुःख दिने घण्टासुरको टाउको सहित पौसीलाई पोखरीमा खसालेर मारेपछि विजयको प्रतीक स्वरूप यो जात्रा मनाउने गरिएको हो । यो जात्रा दुःख, कष्टबाट मुक्त भएको सम्झनामा शुभारम्भ भएको विश्वास गरिन्छ (अर्न्तवार्ता, कृष्ण प्र. खड्गी, २०८१/१२/२५) ।

१. पिएचडी शोधार्थी, नेपाली इतिहास संस्कृति तथा परातन्व केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय । achyutsigdel7@gmail.com

टाउको लुकाउने जात्रा अन्य जात्राहरू भन्दा रोमाञ्चक र उत्तेजक छ । तसर्थ यस अनुसन्धानात्मक लेखमा टाउको लुकाउने जात्राको उत्पत्ति कसरी भयो, यो जात्रा किन र कसरी मनाइन्छ, भ्यागुतालाई भात खुवाउने पर्वसँग यस जात्राको सम्बन्ध कसरी रहन गयो भन्ने विषयमा अनुसन्धानात्मक अध्ययन गरिएको छ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य थानकोटमा मनाइने टाउको लुकाउने जात्राको समग्र अध्ययन गर्नु हो । यसका साथै, जात्रा मनाउने विधि, भ्यागुतालाई भात खुवाउने पर्व र यी दुवै जात्रा र पर्वको अन्तरसम्बन्ध अध्ययन गरी प्रकाश पार्ने यस अध्ययनको अर्को उद्देश्य हो ।

## अनुसन्धान विधि

अनुसन्धान स्वरूपका दृष्टिले यो अध्ययन अन्वेषणात्मक प्रकृतिको एक गुणात्मक अध्ययन हो । यो अध्ययन विषयका दृष्टिले कथनमा आधारित छ । त्यसैले यस अध्ययन गुणात्मक अध्ययन विधिमा आधारित छ । प्राथमिक स्रोत अन्तर्गत कतिपय तथ्यहरू यस क्षेत्रका पुरातात्विक स्थलहरू र पुराना स्मारक एवं कलाकृतिहरूको विषयमा स्थलगत अन्वेषण गरेर, केही तथ्यहरु थानकोट क्षेत्रको जानकार विज्ञहरूसँगको अन्तर्वार्ताबाट तथा, यहाँका पुराना भौतिक सम्पदाको अवोलकन, फोटोग्राफी आदिबाट संकलन गरिएको छ । त्यसैगरी द्वितीय स्रोत अन्तर्गतका सम्बन्धित पुस्तक, पत्रिका, लेख रचनालाई आधार बनाइएको छ ।

यस अध्ययन कार्यलाई भौगोलिक रूपमा हाल विद्यमान चन्द्रागिरि नगरपालिकाको थानकोट वडा नं ४ क्षेत्रमा मात्र सिमित (Delimit) गरिएको छ । त्यसै गरी यस अध्ययन बाट प्रकाशमा आएका तथ्यहरूका कतिपय सीमाहरु (Limitation) रहेका छन् ।

## थानकोट र टाउको लुकाउने जात्रा

टाउको लुकाउने जात्रा परापूर्वकालदेखि थानकोटमा मनाउँदै आएको जात्रा हो । थानकोटको अस्तित्व प्राचीनकालदेखि थियो भन्ने कुरा गाउँ भित्र यत्रतत्र रहेका अभिलेख, शिलालेख, परम्परागत जात्रा, पर्वहरूबाट थाहा हुन्छ । थानकोटलाई प्राचीन समयमा शुप्रभा नगर भनिन्थ्यो । यहाँको नाम शुप्रभा नगर, शोणितपुर हुँदै थानकोट रहन गएको छ । द्वापरयुगमा राजा महेन्द्रदमनले आफ्नी बहिनी शुप्रभाका लागि बनाई दिएको नगर भएकोले यसलाई शुप्रभा नगर भनिन्थ्यो । राजा वाणासुरको राज्य कालसम्म आइपुग्दा यस नगरको नाम शोणितपुर राज्य (खनाल, २०२८ वि.स, अध्याप ९ श्लोक १७) भएको देखिन्छ । शोणितपुर चन्द्रागिरि पर्वतको काखमा रहेको छ । यो पर्वतको नाम पौराणिक चन्दनागिरिबाट अपभ्रंश भई चन्द्रागिरि रहन गएको हो (योगी, २०१३ वि.सं., अ १४० श्लोक १३) । चन्दनागिरिबाट चन्द्रागिरिमा परिणत भएको पर्वतको बीचमा रहेको शुप्रभा नगर कालान्तरमा शोणितपुर हुँदै हाल थानकोट नामले प्रसिद्ध छ ।

थानकोट शब्द "थान" र "क्वाथः" दुई नेवारी शब्दहरूको सन्धिबाट बनेको छ, जसको अर्थ माथी र किल्ला हुन्छ (बज्राचार्य, २०५६ वि.स, पृ.१५६) । नेवार समुदायका गोपाली, बलामी, खड्गी, महर्जन, मानन्धर आदि जातीका मानिसहरूको बाहुल्यता रहेको यस गाउँमा प्रशस्त मात्रामा मूर्त तथा अमूर्त सम्पदाहरू पाइन्छन् । थानकोटमा रहेका प्राचीन मूर्त सम्पदामध्ये आदिनारायण मन्दिर प्रख्यात छ । मन्दिर परिसर राजा बसन्तदेवले आफ्नी बहिनी जयासुन्दरीलाई दाइजोमा दिएको सोहि स्थानमा अवस्थित अभिलेखमा उल्लेख छ (बज्राचार्य, २०५६ वि.सं., पृ.१०३) । जात्रा सम्पन्न भएपछि यस मन्दिरमा पूजा गर्ने प्रचलनले जात्रा र मन्दिरको अन्तरसम्बन्ध रहेको प्रष्ट देखिन्छ ।

थानकोटमा विभिन्न प्रकारका जात्राहरु मनाउने गरिन्छ । ती मध्ये टाउको लुकाउने जात्रा अत्यन्त पृथक र भिन्न छ । असत्य माथि सत्यको जीतपछि विजयोत्सवको प्रतीकको रूपमा यो जात्रा मनाउने गरिएको परम्परागत कथन छ । यो जात्रा भगवान् नारायणसँग पनि सम्बन्धित रहेको देखिन्छ । पौराणिककालमा घण्टासुर नामक राक्षसले नगरबासीहरूलाई अति नै दुःख दिएपछि भगवान् नारायणले भ्यागुतोको रूप लिई उक्त राक्षसलाई मारेका थिए । घण्टासुर राक्षस मारेको खुशीयालीमा टाउको लुकाउने जात्रा मनाउने चलन चलेको विश्वास गरिन्छ । यस जात्राले भगवान् नारायणको योगदानलाई बिर्सेर घण्टासुर राक्षसको मरणलाई विजयोत्सवको रूपमा मनाएको प्रतीत गराउँछ । विजेताको जयजयकार गर्नुको सट्टा पराजितको खिल्ली उडाउने प्रयोजनका लागि जात्रा मनाइएको आभास हुन्छ (श्रेष्ठ, २०७६ वि.सं., पृ. ६६) । यस कथनले मरणमा विजयोत्सव मनाएको प्रतीकलाई सम्बोधन गरेको जस्तो देखिएता पनि परम्परागत चलन अनुसार भगवान् नारायणको गुणलाई बिर्सेको देखिंदैन किनभने टाउको लुकाउने जात्रा सम्पन्न भएपछि भगवान नारायणलाई कृतज्ञता स्वरूप आदिनारायण मन्दिरमा पूजा गर्ने प्रचलन रहेको छ । दैत्यको मरणमा विजयोत्सव मनाइसकेपछि आदिनारायण भगवान्लाई कृतज्ञता ज्ञापन गर्ने प्रचलन रहेको देखिन्छ । दुःखद् दिन समाप्ति र सुखद् दिनको शुरूवातका रूपमा पौराणिककालदेखि मनाईंदै आएको टाउको लुकाउने जात्रा अद्यापि चलिरहेको छ ।

## टाउको लुकाउने जात्रा मनाउने विधि

टाउको लुकाउने जात्रा प्रत्येक वर्ष भाद्र कृष्ण परेवाको दिन गाईजात्रा समापन पश्चात साँझमा प्रारम्भ हुन्छ । यो जात्रालाई स्थानीय नेवार समुदायले "छ्याहिँ तँ तुँ" भन्ने गर्छन् । साँझ जात्रा शुरू हुनु अगाडि स्थानीय धाः, धिमे, काँ, बासुरी आदि बाजा खलःहरू चोछेंस्थित कोतघरमा भेला भई बाजा बजाउँछन् । नेवार समुदायमा बाजा बजाउनु वा बाजा बजाएर गाउँ घुम्नुलाई सूचना संवाहकको रूपमा लिइन्छ । यसले कुनै कार्यक्रमको शुभारम्भ हुन लागेको छ वा भइरहेको छ भन्ने जनाउँछ र यसलाई मानसिक सचेतनाको रूपमा लिइन्छ । बाजासँगै लाखे पनि नाच्छन् । गुञ्जायमान बाजाको धुनले गाउँलेलाई आकर्षित गर्दै बिस्तारै कोतघरमा भेला गराउँछ । बाजाको आवाजसँगै गाउँले उपस्थित हुन्छन् । गाउँलेको बाक्लो

उपस्थितिका बीच बाजाको बोलसँगै लाखे नाच्दै कोतघरबाट अगाडि बढेपछि जात्रा प्रारम्भ हुन्छ ।

सबैभन्दा अगाडि लाखे, त्यसपछि बाजा खलः र अन्तिममा स्थानीयबासी लस्कर लाग्छ । यसैबीच जात्राको रौनकता बढाउन पछाडि एक जना मानिसलाई अश्लील रूपमा सिँगारिएको हुन्छ । त्यसलाई घण्टासुर राक्षसको प्रतीक मानेर राँगाको टाउको बोकाउँछ र हुलको अगाडी लिएर जान्छ । घण्टासुरकी अर्धाङ्गिनी पौसीको रूपमा एकजना पुरूषलाई महिलाको भेषमा सिँगार्छ र दुई जना मान्छेले समाएर "पो" लगाइन्छ । पौसीलाई समात्ने मान्छेहरू पनि विरूपका हुन्छन् । रमिता हेर्नेहरु हा हा र हु हु गर्दै चर्को स्वरले घण्टासुर र पौसीलाई जिस्क्याइरहेका हुन्छन् । सँगसगै राँगाको टाउको बोक्ने घण्टासुर र पौसी दुवैजनाले अनेकन् अश्लील हाउभाउ गर्दै नगर परिक्रमा गर्छन् (अर्न्तवार्ता, कृष्ण प्र. खड्गी, २०८१/१२/२५) ।

नगर परिक्रमाको क्रममा महिलाहरु बाटोमा देखेमा पौसीलाई समाउने दुई जना मध्ये कुनैले सिस्नो उचाल्दै तथानाम अश्लील शब्द बोल्दै ती महिलालाई लखेट्छ र लाजमर्दो तुल्याउँछ । त्यसैले यो जात्रामा महिलाहरु नजिक नबसेर नहेरी टाढै रहन रूचाउँछन् । एवं प्रकारले जात्रा कोतघरबाट प्रारम्भ भई देवमार्ग हुँदै इ्यालम्पाटी, चोछें, किसःछें, याकःछें, चाफल्चा, नासः, बाकुननी, देगः महालक्ष्मी मन्दिर, ताहा फः, लायब आदि ठाउँहरू परिक्रमा गर्दै गाउँको फेदमा रहेको सिफः (सिफल टोल) मा रहेको पोखरीमा पुऱ्याइन्छ । सँगै ल्याइएका घण्टासुर र पौसीलाई तीन पटक पोखरी घुमाइन्छ । अन्तमा राँगाको टाउको बोकेका घण्टासुरलाई धकेलेर पोखरीमा खसालिदिन्छ । घण्टासुरलाई खसालिसकेपछि पौसीलाई पनि धकेलेर पोखरीमा खसालिदिन्छ । यसरी दुवैजना पोखरीमा खसिसकेपछि काँ बाजा बजाइन्छ । नेवारी समुदायमा निश्चित जातका मानिसको मृत्यु हुँदा काँ बाजा बजाउने चलन रहेको छ । काँ बाजाको धुनसँगै घण्टासुर मरेको मान्दै भेला भएका मानिसहरू चिच्याउँदै होहल्ला मच्चाउन थाल्छन् । यसैबीच गाउँलेहरु दुई समूहमा विभाजित भई एकाथरीले पोखरीभित्र राँगाको टाउको लुकाउने र अर्कोले खोज्ने तयारी गर्छन् । राँगाको टाउको लुकाई सकेपछि टाउको खोज्न मानिसहरु पोखरीमा डुबुल्कि मार्छन् । यसरी केहि समय पोखरी भित्र टाउको लुकाउने र खोज्ने क्रम चलिरहन्छ । यो दृष्टान्त ज्यादै सनसनीपूर्ण र रोमाञ्चक हुन्छ । रमितेहरु पोखरीमा डुबुल्किएका समूहलाई 'हा हा' र 'हु हु' भन्दै चिच्याई चिच्याई उक्साउँछन् । यसले जात्रालाई थप उत्तेजित बनाएको हुन्छ । केहि समयको प्रयासपछि राँगाको टाउको भेट्टाउँछन् । राँगाको टाउको भेट्टाएपछि खुशीयाली मनाउँदै मानिसहरु बाजागाजासहित कोतघरतर्फ लाग्छन् । त्यहाँ जात्रासँग सम्बन्धित गुठियारहरूले नजिकै विराजमान आदिनारायण मन्दिरमा पूजाआजा गर्दै घण्टासुर राक्षसबाट मुक्ति दिलाएकोमा भ्यागुतोरूपी विष्णु प्रति कृतज्ञता जनाउँछन् । साँझ गुठियारहरु टाउको भेट्टाउने समूहसँग मिलेर राँगाको टाउकोसहित मासु पकाएर भोज खान्छन् । यस प्रकार मानिसलाई दुःखदिने घण्टासुर र उनकी पत्नी पौसीको अन्त्यसँगै शुरू भएको टाउको लुकाउने जात्रा आदिनारायण मन्दिरमा पूजा गरी भोज खाएपछि सम्पन्न हुन्छ ।

## भ्यागुतालाई भात खुवाउने पर्व र यसको प्रतिकात्मक अर्थ

भ्यागुतालाई भात खुवाउने पर्व थानकोटका स्थानीय कृषकहरूले मनाउने पर्व हो । नेपाल भाषामा यसलाई "ब्याँचायात जाःनकः वनेगु" भन्ने गरिन्छ । भ्यागुतोले बालीनालीमा लाग्ने हानिकारक कीरा नियन्त्रण गरी उत्पादन बृद्धिमा मद्दत गर्दछ । यो वातावरण सन्तुलित राख्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्राचीन उभयचर हुन् । राष्ट्रिय संग्रहालय, स्वयम्भू, छाउनीको ढोकामा तेर्स्याइएको ढलेको रूख जस्तो वस्तु भ्यागुताको दाहो हुन् । यो दाहो २० करोड वर्ष पुरानो मानिन्छ । यसले भ्यागुताको ऐतिहासिकता उजागर गर्दछ । भ्यागुतालाई जलदेवता इन्द्रको दूतको रूपमा लिने भएकोले यसलाई वर्षाका संवाहक मानिन्छ । खडेरी लाग्दा खेत सुख्खा हुने भएकोले वर्षा गराउन भ्यागुतालाई भात खुवाउने चलन नेवारी परम्परामा पाइन्छ । यसरी खाना खुवाएपछि भ्यागुता कराउने र खेतबारीमा भ्यागुता कराएपछि वर्षा हुन्छ भन्ने जनविश्वास रहेको छ । यसले एकातिर प्रकृति, कृषि र कृषकको सम्बन्ध देखाएको छ भने अर्कोतिर इन्द्रदेवताको प्रतीकको रूपमा प्रस्तुत गर्दै धार्मिक आस्था र विश्वासको सम्बन्ध देखाएको छ ।

भ्यागुतालाई संस्कृतमा माण्डुक्य भनिन्छ । यसको सम्बन्धमा ऋग्वेदको सूक्त १०३ लाई अनुवादक तिलक प्रसाद लुइटेलले ऋग्वेद संहितामा मेघलाई खुशी पार्ने खालको वाणी बोल्ने, विनम्रताको ध्वनि निकाल्दै एकापसमा नजिकिन्छन् भन्दै भ्यागुताको बखान गरेका छन् (लुइटेल, २०६३, पृ. ६१२-१३) । गौतमवीर बज्राचार्यले मनसुन, संस्कृति र कृषिमा आधारित नेपाल मण्डल तथा अन्य स्थानीय सभ्यताले ऋग्वेद तथा अथर्ववेदका श्लोकलाई समेत प्रभाव पारेको भन्दै भ्यागुताको महत्व वातावरण, विज्ञान तथा मानवको भौतिक अस्तित्वसँगको सम्बन्धमा सीमित नरहि नेपाल र दक्षिण एशियाको मानव इतिहास र संस्कृतिले हामीलाई भ्यागुतासँग गाँसेको रहेछ भनि उल्लेख गरेका छन् । यसले मानव अस्तित्व र धार्मिक आस्थामा भ्यागुताको भूमिका प्रस्तुत गरेको छ । थानकोटमा मनाइने भ्यागुतालाई भात खुवाउने परम्पराले पनि आस्था, विश्वास र इतिहास बोकेको छ । यहाँको यो पर्व घण्टासुर राक्षससँग सम्बन्धित रहेको देखिन्छ ।

किंवदन्ती अनुसार घण्टासुर राक्षसलाई अनावृष्टि खडेरीको प्रतीक वा बालीनाशक किराफटेङ्गाको प्रतीकको रूपमा लिइएको पाइन्छ । उनको वध गरेका भ्यागुतो रूपी नारायण खेतबारीको रक्षक र वर्षाको सूचक भई गाउँको रक्षा गरेकोमा कृतज्ञता स्वरूप परम्परादेखि भ्यागुतोलाई भात खुवाउने' प्रचलन रहँदै आएको जनविश्वास छ । थानकोटमा परापूर्वकालदेखि मनाउँदै आएको 'भ्यागुतालाई भात खुवाउने पर्व र टाउको लुकाउने जात्रा' एक अर्कामा अन्योन्याश्रित रहँदै आएको देखिन्छ (अर्न्तवार्ता, सागर श्रेष्ठ, २०८१/९/२) ।

परापूर्वकालमा यस नगरमा घन्टासुर नामको राक्षसले साहै दुःख दिइरहेको थियो । यस नरभक्षी राक्षसले नगरमा साहै उपद्रो मच्चाउँदै मानिस र जीवजन्तुलाई जथाभावी मारेर खाने गर्दथ्यो । नगरवासीले प्रत्येक दिन एक मुरी चामलको भात र एकजना

मान्छे आहार पठाउनु पर्दथ्यो । प्रत्येक दिन एक जना मानिस आहार पठाउन अत्यन्त दुश्कर थियो । यस कार्यले नगरबासीलाई आजित बनाएको थियो । चन्द्रागिरि पर्वतको काखमा रहेको यस नगर सुन्दर, शान्त र रमणीय भएता पनि राक्षसको हिंस्रक कार्यले नगरवासीहरु भयभीत थिए । नगरवासीको केहि सिप नलागेर लागेको थिएन । त्यसैक्रममा नगरवासीले नगरका आराध्यदेव विष्णु नारायणको आराधना गरे । फलतः नारायणले त्यस नरभक्षी राक्षसबाट नगरबासीलाई मुक्ति दिलाउन भ्यागुताको रुप धारण गरे । अनि त्यस राक्षसलाई जिस्क्याउँदा राक्षस उत्तेजित भयो । रिसले चुर राक्षसले भ्यागुतालाई खेद्न थाल्यो । भ्यागुतो पनि फुत्त फुत्त उफ्रंदै अलिअलि पछाडि सर्थ्यो । घण्टासुर रिसले भ्यागुतो समाउन झम्टन्थ्यो । यसरी अलिअलि गर्दै भ्यागुतो धापिलो पोखरीमा फुत्त उफ्र्यो । घण्टासुर पनि भ्यागुतोसँगै पोखरीमा पस्यो । ऊ धापिलो पोखरीमा नराम्रोसँग गाडियो । जति निस्कन खोज्थ्यो त्यति नै धापमा भासिन्थ्यो । ऊ धापबाट निस्कनै नसकेर त्यहीँ मऱ्यो । भ्यागुताले घण्टासुर राक्षस धापमा गाडिएर मरेको खबर गरेपछि नगरवासीहरूले त्यसको टाउको काटेर काँधमा बोकेर नाच्दै नगर परिक्रमा गरे । त्यो कुरा थाहा पाएपछि घण्टासुरकी स्वास्नी रुँदै कराँउदै बदला लिन नगरभित्र पस्दा नगरबासीले त्यस राक्षसनीलाई पनि समाते । त्यसलाई डोरीले बाँधी सिस्नोपानी लगाउँदै नगर परिक्रमा गराई राक्षसको टाउको सँगसँगै त्यही पोखरीमा खसालिदिए । यसै बेलादेखि घण्टासुर राक्षसबाट मुक्ति पाएको सम्झनामा प्रत्येक वर्ष भाद्र कृष्ण परेवाको दिन यस नगरमा टाउको लुकाउने जात्रा मनाउने कार्यको शुभारम्भ हुन पुग्यो (अन्तर्वार्ता, कृष्ण प्र. खड्गी, २०८१/१२/२५) । भ्यागुतालाई भात खुवाउन घरमा भात, तरकारी, समयबजी, भट्मास, साग आदि विभिन्न परिकारहरू तयार पारेर खेतको आलिमा गई भट्मासको पात वा सिमिको पातमा राखेर भ्यागुतालाई पूजा गरेर खाना खानको लागि आह्वान गरिन्छ । यसरी पूजा गरी आह्वान गरेपछि भ्यागुताले भात खान्छ र वर्षा हुन्छ भन्ने जनविश्वास रहेको छ ।

## निष्कर्ष तथा उपसंहार

नेपाललाई धार्मिक, भाषिक, जातीय र सांस्कृतिक विविधताले विश्वमाझ छुट्टै पहिचानका साथ उभ्याएको छ । प्राकृतिक सौन्दर्यता, ऐतिहासिक मठ, मन्दिर र सांस्कृतिक रीतिरिवाज, जात्रा पर्वले देशको मौलिकपन झल्काएको छ । मूर्त अमूर्त सम्पदाले समाजको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई समेटेको छ । प्रकृति र प्रयोजनमा धार्मिक आस्था जोडिएको छ । जसको ज्वलन्त उदाहरण काठमाडौंको थानकोटमा मनाइने टाउको लुकाउने जात्रा हो । परम्परागत रूपमा चल्दै आएको यो जात्राका विविध पक्षहरू छन् । यो ऐतिहासिक नगर विजयोत्सव, प्रकृति पूजा, धार्मिक आस्था र विश्वाससित जोडिएको छ ।

टाउको लुकाउने जात्रा असत्यमाथि सत्यको जीत हो । नगरबासीलाई आहत पुऱ्याउने दानव घण्टासुरको वधले दुःख, कष्ट अन्त भएको मान्दै हर्ष र उल्लासका साथ यो उत्सव मनाइन्छ । प्रत्येक वर्ष भाद्र कृष्ण परेवाको दिन यस जात्रालाई विजयोत्सवको प्रतीकका रुपमा मनाइन्छ । यस जात्रामा अश्लील शब्द प्रयोगले महिलालाई गिज्याएको जस्तो देखिएता पनि धार्मिक परम्परामा यसलाई सामान्य रूपमा लिएको छ । यो जात्रा सम्पन्न भएपछि आदिनारायण मन्दिरमा पूजा गर्ने प्रचलनले नगरको ऐतिहासिकता झल्काउँछ । भगवान नारायणले भ्यागुताको रूप धारण गरी दैत्य घण्टासुरको वध गरेको प्रसङ्गले पौराणिककालको नगरको चित्रण गरेको छ । द्वापरयुगमा राजा महेन्द्रदमनले बनाएको शुभ्रभा नगर राजा वाणासुरको समयमा शोणितपुरमा परिणत हुँदै हाल थानकोट नामले प्रसिद्ध यस नगरको ऐतिहासिक विवरण आदिनारयाण मन्दिर प्राङ्गणमा अवस्थित शिलालेखमा पाइन्छ । जात्राको समापन पश्चात आदिनारायण मन्दिरमा पूजा गरी गुठियारहरूसहित राँगाको टाउको फेला पार्ने समूह मिलेर भोज खाने परम्पराले सामाजिक एकतालाई चित्रण गरेको छ भने भ्यागुताको रूप धारण गरेको र अनावृष्टि खडेरीलाई भ्यागुतालाई भात खुवाउने पर्वसित जोडर धर्म, संस्कृतिलाई एउटै मालामा उनेर जात्रा पर्व मनाउने परम्परालाई जीवित राखेको छ ।

## सन्दर्भ सूची


खनाल, माधव (२०२८ वि.स.) नेपाल महात्म्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बज्राचार्य, धनबज्र (२०३० वि.स.), लिच्छविकालका अभिलेख, नेपाल र एसीयाली अध्ययन केन्द्र अनुसन्धान ।

बज्राचार्य, धनबज्र (२०५६ वि.सं.), मध्यकालका अभिलेख, नेपाल र एसीयाली र एसीयाली अध्ययन केन्द्र ।

लुइटेल, तिलकप्रसाद (अनु.) (२०६३ वि.सं.), ऋग्वेद-संहिता, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ब (२०८० वि.स.). चन्द्रागिरिमा सिन्हा जात्रा संस्कृति, चन्द्रागिरि साहित्य समाज ।

श्रेष्ठ, तेजप्रकाश (२००६), नेपालमा जात्रा : ऋचा अफसेट प्रेस प्रा.लि. ।

श्रेष्ठ, तेजप्रकाश (२०६३ वि.स.), शोणितपूर हो प्राचिन नाउ, शोणितपूर साहित्य, सङ्गित तथा कला समाज । https://ich.unesco.org/doc/src/01851-EN.pdf

अन्तर्वार्ता, कृष्ण प्र० खड्गी, २०८१/१२/२५

अन्तर्वार्ता, सागर श्रेष्ठ, २०८१/९/२